प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

**आर्थिक वर्ष २०७९/८० का लागि स्थानीय तहबाट प्रदेश विशेष अनुदानतर्फका आयोजना/कार्यक्रम प्रस्ताव आव्हान तथा प्रदेश समपूरक अनुदान प्रस्ताव पेश गर्ने म्याद थप गरिएको सूचना**

**(प्रकाशित मितिः २०७८/१०/०१)**

प्रदेश विशेष अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ मा व्यवस्था भए बमोजिम स्थानीय तहबाट आर्थिक वर्ष २०७९/८० मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहितका विवरणहरु तयार गरी **सम्बत् २०७८ साल माघ मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा** प्रस्तावहरुको सक्कल प्रति पठाउनुहुन सबै स्थानीय तहहरुको जानकारीका लागि प्रदेश विशेष अनुदान सम्वन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ को दफा ४ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

*साथै, यस अघि मिति २०७८/०९/०८ गते नागरिक दैनिकमा प्रकाशित सूचनाबाट तहाँ स्थानीय तहहरुबाट प्रदेश समपूरक अनुदानतर्फका आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्न आव्हान गरिएकोमा तोकिएको समयसीमाभित्र अधिकांश स्थानीय तहहरुबाट प्रस्ताव दर्ता हुन नआएकोले त्यस्ता स्थानीय तहहरुको लागि सोही सूचनामा उल्लेखित प्रावधान बमोजिम प्रस्ताव पेश गर्ने समयावधि **मिति २०७८ माघ ७ गतेसम्म (७ दिन)** को लागि थप समेत गरिएको छ।*

**<u>विशेष अनुदान माग गर्दा ध्यान दिनुपर्ने विषयहरुः</u>**

१. स्थानीय तहले अनुदान माग गर्दा अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी सम्बत् २०७८ माघ मसान्तभित्र कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा **बढीमा ५ (पाँच) वटा** आयोजना/कार्यक्रमको लागि मन्त्रालयसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।
२. कार्यविधिको दफा ३ बमोजिमको क्षेत्र र सीमामा रही प्रदेश सरकारबाट योजना तथा कार्यक्रम प्रदान गरिने भएकोले सोही बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।
३. आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्दा कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिमका विषयहरु स्पष्ट रुपमा खुलाई पठाउनु पर्नेछ ।
४. कार्यविधिको दफा ७ बमोजिमको योजना वा कार्यक्रमका लागि विशेष अनुदान प्रदान गरिने छैन ।
५. स्थानीय तहबाट आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्दा सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको (पत्र सहित) कर्मचारी स्वयं मन्त्रालयमा उपस्थित भई सम्पूर्ण कागजात तथा विवरण एकैपटक पेश गर्नु पर्नेछ । अन्य कर्मचारी तथा पदाधिकारीबाट पेश हुन आएका प्रस्ताव मन्त्रालयले दर्ता गर्ने छैन ।
६. आयोजना/कार्यक्रम प्रस्ताव एक पटक पेश भइसके पश्चात् पनि पालिकाबाट पुनः कागजात सच्याएर ल्याउने, नयाँ कार्यक्रम प्रस्ताव ल्याउने, अन्य कर्मचारी र पदाधिकारीबाट बारम्बार पत्र तथा प्रस्तावहरु आएमा त्यस्ता कार्यहरुलाई मन्त्रालयबाट विचार नगरिने भएको हुँदा बुँदा नं. ५ बमोजिम मात्रै गराउनुहुन।
७. अन्य व्यवस्थाहरु प्रदेश विशेष अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ बमोजिम नै हुनेछन्।
८. तोकिएको मिति तथा समयभन्दा पछि पेश हुन आउने आयोजना/कार्यक्रम प्रस्तावहरु दर्ता गरिने छैन।
९. स्थानीय तहले आयोजना/कार्यक्रम प्रस्ताव गर्दा आयोजना/कार्यक्रम सम्बन्धी शर्त तथा अन्य कागजात र विवरणको जानकारीको लागि प्रदेश विशेष अनुदान सम्बन्धी (दोश्रो संशोधन) कार्यविधि, २०७६ यस मन्त्रालयको वेवसाइट moeap.sudurpashchim.gov.np मा राखिएको छ।

थप जानकारीका लागि यस मन्त्रालयको फोन नं. ०९१-५२०१०७ मा सम्पर्क गर्न सकिनेछ।

Scanned with CamScanner